# खैरहनी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय, खैरहनी चितवन

## खैरहनी नगरपालिका क्षेत्र भित्र विज्ञापन कर संकलन गर्ने बारेको सूचना

यस खैरहनी नगरपालिका क्षेत्र भित्र विभिन्न व्यक्ति, संघ संस्था तथा व्यावसायीक फर्महरु संग आ.व. २०७६/०७७ देखी तिन बर्षको लागि विज्ञापन कर असूल गर्न चाहने संघ संस्था वा फर्मले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न शर्तहरुको अधिनमा रही यस नगरपालिकामा सिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

(१) दरभाउ पत्र पेश गर्ने संस्था वा फर्म यस नगरपालिकामा सूचीकृत भएको हुनु पर्नेछ ।

(२) विज्ञापन करको दर नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

(३) यस चालु आ.व. को लागि नविकरण भएको संस्था दर्ता प्रमाणपत्र, PAN/VAT को प्रमाण पत्र, आयकर चुक्ताको प्रमाण पत्र दरभाउ पत्र साथ पेश गर्नु पर्नेछ ।

(४) दरभाउ पत्र मिति २०७६/३/२७ गते कार्यालय समयमा खरिद गरी सक्नु पर्नेछ भने दरभाउपत्र पेश गर्ने अन्तिम मिति २०७६/३/२८ गते १२.०० बजे सम्म हुनेछ । सोही दिन २.०० बजे दरभाउ पत्र खोलीनेछ । सो दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट सोही समयमा दरभाउपत्र पेश गर्ने र खोलीनेछ ।

(५) दरभाउपत्र साथ आफूले कबोल गरेको अंकको ५ प्रतिशतले हुने रकम यस नगरपालिकाको नाउँमा कृषि विकास बैङ्क खैरहनी शाखामा रहेको धरौटी खाता नं.०५०९१०११५१०६४०४३ मा नगद जम्मा गरेको बैङ्क भौचर पेश गर्नु पर्नेछ ।

(६) दरभाउ पत्र यस नगरपालिकामा रु.१,०००।- तिरी खरिद गर्न सकिनेछ ।

(७) दरभाउ पत्र पेश गर्ने कुनै संस्थाको दरभाउ पत्र स्वीकृत भएमा सो कबोल गरेको अंक रकम एकमुष्ठ नगरपालिकाको राजस्व खातामा जम्मा गरे पछि मात्र संस्था संग सम्झौता गरिनेछ । यो कुरा अन्य बर्षहरुमा पनि लागू हुनेछ ।

(८) ठेक्का अवधी आ.व. २०७६/०७७ देखी आ.व. २०७८/०७९ सम्म ३ बर्षको लागि कायम हुनेछ ।

(९) आ.व. २०७६/०७७ को लागि न्यूनतम रकम रु.२,५०,०००।-(दुई लाख पचास हजार) कायम गरिएको छ । आ.व. २०७७/०७८ को लागि ठेक्का अंक कायम गर्दा आ.व. २०७६/०७७ को लागि बोल कबोल अंकमा १५ प्रतिशत थप गरी कायम गरिनेछ भने आ.व. २०७८/०७९ को लागि ठेक्का अंक कायम गर्दा आ.व. २०७७/०७८ को लागि बोल कबोल अंकमा १५ प्रतिशत थप गरी कायम गरिनेछ।

(१०) यसमा उल्लेख नभएका बिषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

खैरहनी नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन

प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)